2079-09-08 Abhiyan Newspaper

# सेन्ट्रल फाईनान्स लिमिटेडको
## २६ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस वित्तीय संस्थाको मिति २०७९ साल पौष ७ गते बसेको सञ्चालक समितिको ३२२ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको २६ औं वार्षिक साधारण सभा निम्न विषयमा छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मिति, समय र स्थान :**

मिति : २०७९ साल पौष २९ गते शुक्रबार।

समय : बिहान १०.०० बजे

स्थान : सेन्ट्रल फाईनान्स लि., केन्द्रीय कार्यालय भवन, कानदेवस्थान, कुपण्डोल, ललितपुर।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्ने वार्षिक प्रतिवेदन पारित गर्ने बारे।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०७९ साल असार मसान्तको वासलात तथा मिति २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाहको विवरण पारित गर्ने बारे।
३. लेखा समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७९/८० को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने बारे।
४. सञ्चालक समितिले सिफारिस गरेको चुक्ता पूँजीको ५ प्रतिशतले हुने रकम रु. ४ करोड ७४ लाख ४३ हजार ७ सय ७२ पैसा ९४ नगद लाभांश दिने प्रस्ताव पारित गर्ने बारे।
५. सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक संख्या ३ र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक संख्या ३ को निर्वाचन गर्नेबारे।

**(ख) विशेष प्रस्ताव**

१. सञ्चालकहरुको सुविधा वृद्धि गर्ने तथा सोसँग सम्बन्धित नियमावली संशोधन सम्बन्धमा।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी जानकारी**

१. यस वित्तीय संस्थाको २६ औं वार्षिक साधारण सभा तथा नगद लाभांश प्रयोजनको लागि मिति २०७९/०९/१७ गतेदेखि २०७९/०९/२९ गतेसम्म शेयर दाखिल खारेज बन्द रहने कुरा जानकारी गराइन्छ। साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति २०७९/०९/१७ गतेको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट कारोबार भएका शेयरधनीहरुले मात्र साधारण सभामा सहभागिता जनाउन, मतदान गर्न तथा नगद लाभांश प्राप्त गर्न सक्ने छन्।
२. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधिपत्र (प्रोक्सी फारमहरु) सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि कार्यालय समयभित्र दर्ता गरी सक्नुपर्नेछ।
३. सञ्चालक समितिमा संस्थापक र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतको कार्यालयबाट संस्थाको सूचना पाटीमा पछि अलगै प्रकाशित गरिनेछ।
४. कम्पनीको आर्थिक विवरण समयभित्र प्राप्त नभएमा शेयरधनी महानुभावहरुले कम्पनीको वेबसाइट www.centralfinance.com.np तथा केन्द्रीय कार्यालय भवन, कानदेवस्थान, कुपण्डोल, ललितपुरबाट प्राप्त गर्न सकिने छ।
५. छलफलको विषय अन्तर्गत विविध शीर्षकमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषयमा साधारण सभाको मितिभन्दा कम्तीमा सात (७) दिन अगावै कम्पनीको कार्यालय मार्फत कम्पनीका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ।
६. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा जिज्ञासाको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले वा समितिबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन्।
७. सभा सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्न अनुरोध छ।

**सेन्ट्रल फाईनान्स लिमिटेड**
**CENTRAL FINANCE LIMITED**
Serving Your Financial Needs

केन्द्रीय कार्यालय, कानदेवस्थान, कुपण्डोल, ललितपुर, फोन नं. ०१-५९७०००५

---

…ा सासुआमा मोतीमाया नेपालीलाई 'रिलायबल …न्तर्गत दावी भुक्तानी गरिएको बताएको छ। …नं १ का अध्यक्ष शिवकुमार श्रेष्ठले २ लाख ४६ …ाँको चेक हस्तान्तरण गरेका हुन्।

## …य उत्पादनको प्रवर्द्धन गर्न …वनमा 'खैरहनी महोत्सव'

…)। चितवनको खैरहनीमा माघ ४ देखि 'खैरहनी …एको छ। खैरहनी नगरपालिका-२ स्थित लदरी …बागमती प्रादेशिक एवम् दोस्रो खैरहनी महोत्सव …ो हो। स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले …ागिएको आयोजकले जानकारी गराएको छ। …जक उद्योग वाणिज्य महासंघ बागमती प्रदेश र …संघ खैरहनी छन्।

…संघका अध्यक्ष दिपेन श्रेष्ठले कोरोनाले थलिएको …र स्थानीय उत्पादन प्रवर्द्धनका लागि महोत्सव …बताए। 'प्रथम खैरहनी महोत्सवपछि कोरोनाले …नले भने, 'अहिले आर्थिक मन्दीले थलिए पनि यो …ायीलाई केही राहत महसूस हुने अपेक्षा गरेका …उद्योग, व्यापार, कृषि, सूचना प्रविधि, पर्यटन, …क्षिक संस्था, सरकारी, गैरसरकारी संघसंस्था, …उत्पादन तथा सेवाका गरी ३५० स्टल रहने …रीब एक करोड २० लाख लागत खर्च अनुमान …मा करीब ७० करोड रुपैयाँ बराबरको कारोबार …को छ। महोत्सव करीब ३ लाखले अवलोकन गर्ने …मान छ। महोत्सवको मुख्य आकर्षणका रूपमा …न रहने श्रेष्ठले बताए। '१३ ओटा जिल्लाका …हनी महोत्सवमा पाइनेछ,' श्रेष्ठले भने। यस्तै …थानले उत्पादन गरेका मिठाईका स्टलमा प्रमुख …क्षा गरिएको छ।

…युवाहरूका लागि सेल्फी जोन, अम्ब्रेला स्ट्रिटदेखि …मनोरञ्जनका लागि बाल उद्यानको समेत व्यवस्था …सवमा उत्पादित वस्तुहरूको बजार प्रवर्द्धन र …र्याको विकास गर्ने, उद्योगीहरूबीच समस्या, अवसर …न्तरक्रिया गर्ने, कृषकलाई कृषि उपजको विषयमा …गर्ने देशमै रोजगारीको अवसर र सम्भावनाबारे …न्। स्टलको शुल्क न्यूनतम ९ देखि ३० हजार …को छ। खैरहनी उद्योग वाणिज्य संघका सदस्यलाई …० प्रतिशत र अन्य उद्योग वाणिज्य संघमा आवद्ध …तिशत छुट दिइने श्रेष्ठले बताए। महोत्सवको प्रवेश …रहेको छ। विद्यार्थीको हकमा ३० रुपैयाँ र ज्येष्ठ …ुल्क प्रवेश गर्न दिइनेछ।

---

**सहायता सहकारी संस्था लि.**
**मित्रपार्क, काठमाडौं**

## …ाधारणसभा सम्बन्धी सूचना

…सहकारी संस्था लि.को संचालक समितिको बैठकको …वार्षिक साधारणसभा एवं संचालक तथा लेखा सुपरिवेक्षण …चिन समेत निम्न मिति, समय र स्थानमा गरिने भएको …र सदस्यज्यूहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध छ।

…पौष २३ गते शनिबार

…बजे

…उस क्याफे एण्ड पार्टी प्यालेस, रातोपुल, काठमाडौं।

…४८०६४३, ९८५१०७५०३९ र ९८४०९३६४४१

*…सम्बन्धी विशेष जानकारीका लागि मिति २०७९ पौष २० गते …समयमा सम्पर्क गर्नुहोला।*

आज्ञाले
लेख बहादुर राई
सचिव